# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौ, वैशाख ३१ गते, २०६७ साल (अतिरिक्ताङ्क २

## भाग ३

## नेपाल सरकार

## रक्षा मन्त्रालयको सूचना

**नेपाली सेना,लेखा समूह (गठन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमावली, २०६७**

नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमावली, २०६७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ को नियम २ मा संशोधन** : नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) मा रहेको "उपरथी" भन्ने शब्दको सट्टा "सहायकरथी" भन्ने शब्द राखिएको छ ।

३. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को खण्ड ( ञ) झिकिएको छ ।

४. **मूल नियमावलीको नियम ११ मा संशोधन** : मूल नियमावलीको नियम ११ को उपनियम (२) मा रहेको "उपरथी" भन्ने शब्दको सट्टा "सहायकरथी" भन्ने शब्द राखिएको छ ।

५. **मूल नियमावलीको अनुसूची- १ मा संशोधन** : मूल नियमावलीको अनुसूची-१ को खण्ड (१) को उपखण्ड (क) झिकिएको छ ।

आज्ञाले

नवीनकुमार घिमिरे
नेपाल सरकारको सचिव